**नीति जेआइसिएच-आर- विद्यार्थीहरूबाट लागू पदार्थ र मदिरा प्रयोग**

प्रयोग

विद्यार्थीहरू विद्यालय हाताभित्र वा विद्यालयले प्रायोजन गरेका क्रियाकलापमा वा विद्यालय डिस्ट्रिक्ट बाहनहरूमा आउँदाजाँदा मदिरा, लागू पदार्थ (नार्कोटिक्स) वा अन्य कुनै खतरापूर्ण वा गैरकानुनी रासायनिक वस्तुको प्रभावमा रहन्छन् वा रहेजस्ता देखिन्छन् भने तिनीहरूसँग निम्न तरिकाले व्यवहार गरिनेछः

१. सम्भावित कुनै खतरापूर्ण वा गैरकानुनी वस्तुको प्रयोगले विद्यार्थीले असाधारण व्यवहार प्रदर्शन गर्छ भने स्टाफ सदस्यले सो विद्यार्थीलाई विद्यालय नर्ससम्म पुऱ्याउनेछन् जसले स्थितिको गम्भीरताको निर्धारण गर्नेछन् ।

क) यस्तो स्थिति कक्षाकोठामै उत्पन्न भयो र विद्यार्थीको व्यवहारले ऊ सुरक्षित रूपमा नर्सको कार्यालयसम्म जान नसक्ने देखियो भने प्राचार्य वा प्राचार्यले यस्ता कुरा हेर्नका लागि प्रतिनिधित्व दिएको व्यक्तिसँग सहायता मागिनेछ ।

ख) यस्तो स्थिति विद्यालय बाहिर विद्यालयकै कानुनी क्षेत्रभित्र पर्ने कुनै स्थानमा भयो भने स्टाफ सदस्यले सो विद्यार्थीलाई नर्सको कार्यालयमा पुऱ्याउनेछन् ।

ग) विद्यालय नर्स विद्यालयमा नभएका खण्डमा आधिकारिक कर्मचारीले स्तरीकृत आकस्मिक प्रक्रिया अपनाउनु पर्नेछ ।

घ) असाधारण व्यवहार प्रदर्शन देख्ने स्टाफ सदस्यले घटनाको विवरण छोटकरीमा लिखित रूपमा घटनाको मिति, समय र ठाउँ समेत उल्लेख गरी व्याख्या गर्नु पर्नेछ । यस्ता दस्तावेजहरू प्राचार्यसँग फाइल गरेर राखिनेछन् ।

२. प्राचार्य वा प्रतिनिधिले विद्यार्थीका आमाबाबु वा अभिभावक (वा सोका लागि आपतकालीन कार्डमा प्रतिनिधि तोकिएको व्यक्ति) लाई सम्पर्क गरेर विद्यार्थीले प्रदर्शन गरेको असाधारण वा खतरापूर्ण व्यवहार बारे सल्लाह दिनेछन् । प्राचार्य वा प्रतिनिधिले व्यवहार व्याख्या त गर्नेछन् तर विद्यार्थीको अवस्थाको निदान गर्ने कोसिस गर्ने छैनन् ।

३. यदि चिकित्सकीय अवस्थाले दिन्छ र चिकित्सकीय सहयोग चाहिन्छ र घरमा सम्पर्क गर्न सकिँदैन भने प्राचार्य वा प्रतिनिधिले सहयोगका लागि ९११ मा फोन गर्नेछन् । उपरान्त चिकित्सा सहायता अगाडि बढाउन अभिभावकलाई पर्खिँदा विद्यार्थीलाई एक्लै छोड्नु हुँदैन र शान्त वातावरणमा अवलोकनमा राख्नु पर्नेछ ।

४. विद्यार्थीलाई आपतकालीन चिकित्सकीय सावधानी चाहिए पनि वा नचाहिए पनि, प्राचार्य वा प्रतिनिधिले आमाबाबु वा अभिभावकलाई सम्पर्क गर्नुको अलावा आफूले गर्नुपर्ने प्रक्रियाहरू अगाडि बढाउनु पर्दछ । उनलेः

क) विद्यार्थीको अवस्थाले दिन्छ भने व्यवहारको कारण सम्बन्धित सम्भावित विधिसम्मत चिकित्सकीय समस्याका बारेमा विद्यार्थीसँग छलफल गर्नु पर्दछ ।

ख) डेनभर पुलिस बिभाग र डिपिएस सुरक्षा र बचाउ बिभागसँग विचार विमर्श गर्नु पर्दछ ।

प्रयोगका लागि अनुशासनीय कार्वाही

अनुसन्धान पछाडि, विद्यार्थीले मदिरा, लागू पदार्थ (नार्कोटिक्स) वा अन्य कुनै गैरकानुनी रासायनिक पदार्थ प्रयोग गरेको छ/थियो वा तिनको प्रभावमा छ/थियो भन्ने कुरामा प्राचार्य निश्चित भएमा नीति जेके र जेके-आर (विद्यार्थी अनुशासन) ले घटनासम्बन्धी अनुशासनीय कार्वाही नियन्त्रण गर्नेछ । जस अन्तर्गत निम्नलिखित कार्वाहीहरू गरिनेछः

प्राचार्य वा प्रतिनिधिले आमाबाबु वा अभिभावक र विद्यार्थीसँग विचारविमर्श गर्नेछन् । उनलेः

क) उपलब्ध अनुशासनीय बिकल्पहरूको समीक्षा गर्नेछन्;

ख) विद्यार्थीलाई उपयुक्त हिसाबले स्टाफ सदस्यलाई (जस्तै, सामाजिक कार्यकर्ता, परामर्शदाता, विद्यार्थी सल्लाहकार) वा समुदाय सहयोगी एजेन्सी (जस्तै परिवार परामर्श सेवा, लागू पदार्थ उपचार कार्यक्रम, मदिरा निष्प्रभावीकरण केन्द्र) मा सिफारिस गर्नेछन् । यस सिफारिसलाई परिस्थितिले दिए अनुसार अन्य आवश्यक क्रियाद्वारा अनुगमन गर्नेछन्;

ग) यस्तै किसिमका अतिरिक्त अपराध हुन नदिने प्रयास स्वरूप अभिभावक र विद्यार्थीसँग मिलेर लिखित करार विकसित गर्नेछन् जसमा अभिभावक, विद्यार्थी र विद्यालयको दायित्व रेखाङ्कित भएको होस् । यस अतिरिक्त करारमा निलम्बन अबधिभरका लागि विद्यार्थीका निम्ति रचनात्मक क्रियाकलाप र, यदि लागू हुन्छ भने, सिफारिस गरिएको एजेन्सी पनि उल्लेख गरिनुपर्नेछ ;

स्वामित्व र बितरण

विद्यार्थी जससँग मदिरा, लागू पदार्थ (नार्कोटिक्स) वा अन्य खतरापूर्ण वा गैरकानुनी रासायनिक पदार्थ वा सो भण्डारण गर्ने सामग्रीको स्वामित्व छ वा जसले ती बस्तुहरूको बिक्री, बितरण र साटासाट गरिरहेको छ र जसले ती क्रियाकलाप विद्यालय हाताभित्र वा विद्यालयले आयोजना गरेका क्रियाकलापहरूमा वा विद्यालय डिस्ट्रिक्ट बाहनहरूले ओसारपसार गरेका बेला गरिरहेको छ, तिनलाई निम्न रूपमा व्यवहार/उपचार गरिनेछः

१. प्रमाण र/वा निषिद्ध वस्तुको सम्पर्कमा आउने पहिलो बिद्यालय स्टाफ सदस्यले प्रमाण र/वा निषिद्ध वस्तु प्राप्त गरेको कुरा दस्तावेजीकरण गर्नेछन्। दस्तावेजमा प्रमाण र/वा निषिद्ध वस्तु बिद्यार्थीको स्वामित्वमा भए नभएको कुरा उल्लेख गर्नुपर्नेछ। यस्तो भएमा बिद्यार्थीको नाम, प्रासिङ्गक जानकारी, प्रमाण र/वा निषिद्ध वस्तु भेटिएको ठाउँ र सो घटना सम्बन्धी वरिपरिका तथ्यहरूको छोटो सारांश पनि सामेल गर्नुपर्नेछ।

२. प्रमाण र/वा निषिद्ध वस्तु प्राप्त गर्ने स्टाफ सदस्यले तुरून्तै ती कुराहरू प्रार्चाय वा प्रतिनिधि समक्ष पुऱ्याउनु पर्नेछ।

३. त्यसपछि प्रार्चाय वा प्रतिनिधिले प्राप्त गरिएको प्रमाण र/वा निषिद्ध पदार्थ खाम वा सिल गर्न मिल्ने उपयुक्त कन्टेनरमा राख्नु पर्नेछ। खामलाई सिल गरेर सुरुमा प्रमाण र/वा निषिद्ध वस्तु प्राप्त गर्ने स्टाफ सदस्य र प्रार्चाय वा प्रतिनिधिले सही गर्नुपर्नेछ। निषिद्ध वस्तुको सूची बेग्लै खाममा राखेर सिल गरेर अलग्गै फाइल गर्नु पर्नेछ।

४. प्रार्चाय वा प्रतिनिधिले डेनभर पुलिस विभाग र यदि असाइन गरिएको भए डिपिडि बिद्यालय स्रोत अधिकारी र डिपिएस सुरक्षा र बचाउ विभागलाई सूचीत गर्नुपर्नेछ र कुनै अधिकारीले प्रमाण र/वा निषिद्ध वस्तु नियन्त्रणमा लियोस् भनी अनुरोध गर्नुपर्नेछ। यो खाम पुलिस अधिकृतलाई व्यक्तिगत रूपमा प्रार्चाय वा प्रतिनिधिले हस्तान्तरण गर्नुपर्नेछ। लागू पदार्थ, मदिरा र निषिद्ध वस्तु बिद्यालयमा राख्नु हुँदैन।

५. बिद्यार्थीहरूलाई डेनभर पुलिस बिभागका अन्तर्गत अगाडिको उपयुक्त कार्वाहीका लागि हिरासतमा राखिनेछ।

६. प्रार्चाय वा प्रतिनिधिले आमाबाबु वा अभिभावकसँग सम्पर्क गर्नेछन्।

स्वामित्व र बितरणका लागि अनुशासनीय कार्वाहि

नीति जेके र जेके-आर (बिद्यार्थी अनुशासन) ले घटनासँग सम्बन्धित अनुशासनीय कार्वाहीको नियन्त्रण गर्नेछन्। उपयुक्त कानुन कार्यान्वयन एजेन्सीको सूचनामा आधारित रहेर प्रमाण र/वा निषिद्ध वस्तुमा लागू पदार्थ (नार्कोटिक्स) वा अन्य खतरापूर्ण वा गैरकानुनी पदार्थहरू रहेको थाहा भएमा र यदि मदिरा वा लागू पदार्थ भएको कन्टेनर र मालतालको स्वामित्व भेटिएमा प्रार्चाय वा प्रतिनिधिले अनुसन्धान पूरा गर्नेछन्।

यदि प्रार्चायलाई डिस्ट्रिक्ट नीतिको उल्लङ्घन गर्दै बिद्यार्थीको स्वामित्वमा मदिरा वा लागू पदार्थ (नार्कोटिक्स) वा अन्य कुनै खतरापूर्ण वा गैरकानुनी रासायनिक पदार्थ वा लागू पदार्थ राख्ने मालताल भएको निश्चित भएमा नीति जेके र जेके-आर अनुसार अनुशासनीय कार्वाहि गरिनेछ। यसका अतिरिक्त निम्न कार्वाहीहरू गरिनेछन्:

क) बिद्यार्थीलाई उपयुक्त हिसाबले स्टाफ सदस्यलाई (जस्तै, सामाजिक कार्यकर्ता, परामर्शदाता, बिद्यार्थी सल्लाहकार) वा समुदाय सहयोगी एजेन्सी (जस्तै परिवार परामर्श सेवा, लागू पदार्थ उपचार कार्यक्रम, मदिरा निष्प्रभावीकरण केन्द्र) मा सिफारिस गरिनेछ। यस सिफारिसलाई परिस्थितिले दिए अनुसार अन्य आवश्यक क्रियाद्वारा अनुगमन गरिनेछ।

ख) छिटोभन्दा छिटो उपयुक्त शैक्षणिक सुपरिन्टेन्डेन्टलाई सूचीत गर्नु पर्नेछ।

ग) यस्तै किसिमका अतिरिक्त अपराध हुन नदिने प्रयास स्वरूप अभिभावक र विद्यार्थीसँग मिलेर लिखित करार बिकसित गरिनेछ जसमा अभिभावक, विद्यार्थी र बिद्यालयको दायित्व रेखाङ्कित भएको होस्। यस अतिरिक्त करारमा निलम्बन अबधिभरका लागि बिद्यार्थीका निम्ति रचनात्मक क्रियाकलाप र, यदि लागू हुन्छ भने, सिफारिस गरिएको एजेन्सी पनि उल्लेख गरिनेछ।

स्पष्ट रूपमा प्रमाणित भएका घटनाहरूका लागि नीति जेके र जेके-आरमा लागू भए अनुसार, बोर्ड नीति अनुरूप निष्कासन प्रक्रियाको अनिवार्य पहल गरिनेछ।

स्वीकृत फेब्रुअरी १, १९८३

परिमार्जित अक्टुबर १५, २००९

क्रस सन्दर्भः जेआइएच, बिद्यार्थी अनुसन्धान, खोजी र पक्राउ

जेकेडि/जेकेइ, बिद्यार्थीको निलम्बन/निष्कासन

केएफए, बिद्यालय हाताभित्र नागरिक व्यवहार

क्रस सन्दर्भः जेआइएच, बिद्यार्थी अनुसन्धान, खोजी र पक्राउ

जेकेडि/जेकेइ, बिद्यार्थीको निलम्बन/निष्कासन

केएफए, बिद्यालय हाताभित्र नागरिक व्यवहार